नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

फोन नं.: ०५३-५५०१३३,
फ्याक्स नं.: ०५३-५००००
ईमेल नः- daobara33700@gmail.com

प.स. ०७७/०७८(मुद्दा)च.न. ८६१२

मितिः २०७७/१२/०४

१.१ नेपाली नागरिकता प्रमाणपत्र नलिदै विवाह भएका महिलाको हकमा देहाय अनुसार गर्नेः

- ❖ प्रकरण १ मा लेखिएका सवै कुरा
- ❖ विवाह दर्ता प्रमाणपत्र
- ❖ पति वा ससुरा वा सासु वा देवर जेठाजुको नागरिकतापत्र
- ❖ पति वा सुसरा वा देवर वा जेठाजु वा सासु वा पतिको तर्फका वंशजका ३ पुस्ता भित्रका नातेदारको नाता खुल्ने कागज र नागरिता प्रमाणपत्र सहित सनाखत

१.२ प्रकरण १ र १.१ का प्रमाण पेश गर्न नसक्ने वा पितृत्व/मातृत्वको ठेगाना नभएका ब्यक्तिका हकमा वडाध्यक्षले प्र.जि.अ. र नागरिकता जारी गर्ने अधिकारी संग समन्वय गरी नेपालको संविधान र नेपाल नागरिकता ऐन, २०६३ र नियमावली बमोजिम गर्ने व्यवस्था मिलाउनु हुन ।

१.३ नेपाल नागरिकता ऐन, २०६३ बमोजिम जन्मका अधारमा नागरिकता प्रमाणपत्र प्राप्त ब्यक्तिको सन्तानलाई ना.प्र. जारी गर्न (सम्मानित सर्वोच्च अदालतबाट जारी आदेशका कारण) नसकिने हुँदा तत्काल सिफारिस गरी नपठाउने ।

१.४ नेपाल नागरिकता ऐन, २००९ र नेपाल नागरिकता ऐन, २०२० बमोजिम जन्मिसिद्धको ना.प्र. प्राप्त ब्यक्तिको सन्तानको हकमा प्रकरण १ र १.१ बमोजिम गरि पठाउने ।

२.बैबाहिक अङ्गिकृत ना.प्र. सिफारिस गर्दा देहाय अनुसार गर्नु हुनः

- ❖ अनुसूचि-७ को ठाँचामा निवेदन सहितको सिफारिस
- ❖ विवाह दर्ता प्रमाणपत्र वा व्यक्तिगत घटना दर्ता ऐन लागु हुनु पूर्वको विवाह भए वा पतिको मृत्यु भइ सकेको भए ब्यहोरा खुल्ने किटानी विवाह प्रमाणित सिफारिस
- ❖ पतिको ना.प्र. सहित सनाखत
- ❖ विदेशको नागरिकत भएको प्रमाणित गर्ने कागज (जस्तै राहदानी, अधार कार्ड, निर्वाचन कार्ड)
- ❖ विदेशी नागरिकता त्यागने कारवाही चलाएको निस्सा
- ❖ अनुसूचि बमोजिमको सपथ ग्रहण

प्रमुख जिल्ला अधिकारी